आज मिति २०७४ आषाढ २३ गते शुक्रवार दिनको ३.०० बजे नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक बस्यो । बैठकको उपस्थिति र निर्णय देहाय बमोजिम रहेको छ ।

उपस्थिति

| | | |
|---|---|---|
| - नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| - नगर उपप्रमुख | श्री मिरा जोशी | ,, |
| - वडाध्यक्ष वडा नं.१ | श्री खरसिं दरै | ,, |
| - वडाध्यक्ष वडा नं.२ | श्री काशीराम श्रेष्ठ | ,, |
| - वडाध्यक्ष वडा नं.३ | श्री प्रेमकुमार श्रेष्ठ | ,, |
| - वडाध्यक्ष वडा नं.४ | श्री विश्वराज न्यौपान | ,, |
| - वडाध्यक्ष वडा नं.५ | श्री मोहनकुमार श्रेष्ठ | ,, |
| - वडाध्यक्ष वडा नं.६ | श्री सूर्यभक्त भण्डारी | ,, |
| - वडाध्यक्ष वडा नं.७ | श्री सतिशचन्द्र न्यौपाने | ,, |
| - वडाध्यक्ष वडा नं.८ | श्री ओजराज पौडेल | ,, |
| - वडाध्यक्ष वडा नं.९ | श्री सुरेश थापा | ,, |
| - वडाध्यक्ष वडा नं.१० | श्री तुलसीराम सापकोटा | ,, |
| - वडाध्यक्ष वडा नं.११ | श्री निरबहादुर खड्का | ,, |
| - वडाध्यक्ष वडा नं.१२ | श्री तोत्रबहादुर कुंवर | ,, |
| - वडाध्यक्ष वडा नं.१३ | श्री लेखबहादुर राना | ,, |
| - वडाध्यक्ष वडा नं.१४ | श्री काजीमान श्रेष्ठ | ,, |
| - नगर कार्यपालिका सदस्य | श्री तमबहादुर दरै | ,, |
| - नगर कार्यपालिका सदस्य | श्री केशबहादुर सुनार | ,, |
| - नगर कार्यपालिका सदस्य | श्री कल्पना पोखेल | ,, |
| - नगर कार्यपालिका सदस्य | श्री चन्द्रमाया परियार | ,, |
| - नगर कार्यपालिका सदस्य | श्री सुनसरी गुरुङ | ,, |
| - नगर कार्यपालिका सदस्य | श्री अमृतबहादुर नेपाली | ,, |
| - नगर कार्यपालिका सदस्य | श्री मधुमाया घर्ती | ,, |
| - नगर कार्यपालिका सदस्य | श्री नरीमाया थापा | ,, |
| - सदस्य सचिव कार्यकारी अधिकृत | श्री हरिप्रसाद बास्तोला | ,, |

अन्य उपस्थिति

| | | |
|---|---|---|
| - बरिष्ठ आलेप अधिकृत | श्री कुमार कंचन जि.सी. | उपस्थित |
| - लेखा अधिकृत | श्री मेघनाथ आचार्य | ,, |
| - प्रशासकीय अधिकृत | श्री रामचन्द्र हड्खले | ,, |
| - इन्जिनियर | श्री रविन्द्रलाल मुल | ,, |
| - कम्प्युटर अधिकृत | श्री गोकर्णराज वाग्ले | ,, |
| - शाखा अधिकृत | श्री कृष्णराज घिमिरे | ,, |

निर्णय नं.१: व्यास नगरपालिका नगर सभा बैठक सञ्चालन कार्यविधि २०७४ पारित गरी अभिलेख एवं कार्यान्वयनका लागि व्यास नगर कार्यपालिकामा पठाउनका लागि नगर सभा समक्ष प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.२: नेपालको संविधान २०७२ को धारा २१७ (१) (२) बमोजिम नगर उपप्रमुखको संयोजकत्वमा निम्नानुसार न्यायिक समिति गठन गर्न नगर सभा समक्ष प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

क) संयोजक श्री मिरा जोशी (उपप्रमुख)
ख) सदस्य श्री अमृत नेपाली (वडा नं. १२)
ग) सदस्य श्री कृष्णादेवी खनाल (वडा नं. ५)

निर्णय नं.३: व्यास नगरपालिका बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ६ (२) (३) बमोजिम निम्नानुसार विकास समस्या समाधान समिति गठन गर्न नगर सभा समक्ष प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

क) संयोजक श्री वैकुण्ठ न्यौपाने (प्रमुख)

ख) सदस्य श्री सतिशचन्द्र न्यौपाने (वडा नं. ७)
ग) सदस्य श्री ओजराज पौडेल (वडा नं. ८)
घ) सदस्य श्री प्रेमकुमार श्रेष्ठ (वडा नं. ३)
ङ) सदस्य श्री मोहनकुमार श्रेष्ठ (वडा नं. ५)
च) सदस्य श्री निरबहादुर खड्का (वडा नं. ११)
छ) सदस्य श्री चन्द्रमाया परियार (वडा नं. ८)

<u>निर्णय नं.४</u>: व्यास नगरपालिका पदाधिकारी आचार संहिता २०७४ को दफा १३ (क) बमोजिम निम्नानुसार आचार संहिता अनुगमन समिति गठन गर्न नगर सभा समक्ष प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

क) संयोजक श्री हेमराज पोखेल (वडा नं. १०)
ख) सदस्य श्री बसुन्धरा घर्ती (वडा नं. ४)
ग) सदस्य श्री ज्ञानु सुनार (वडा नं. ९)
घ) सदस्य सचिव श्री रामचन्द्र हड्खले (प्रशासकीय अधिकृत)

<u>निर्णय नं.५</u>: व्यास नगरपालिकाबाट सम्पादन गर्नुपर्ने अत्यावश्यक निम्न विषयहरुमा आवश्यक निर्णय लिन व्यास नगर कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्न नगर सभा समक्ष प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

क) व्यास नगरपालिका नागरिक वडापत्र परिमार्जन गरी जारी गर्न ।
ख) व्यास नगरपालिकाको संगठन तालिका निर्माण गरी जारी गर्न ।
ग) व्यास नगरपालिकाका कर्मचारीहरुको कर्मचारी प्रशासन विनियम, टोल विकास संस्था गठन निर्देशिका र साझेदारी विकास कोष संचालन निर्देशिका परिमार्जन गरी कार्यान्वयन गर्न ।
घ) व्यास नगरपालिकाका कर्मचारीहरुको तलबी प्रतिवेदन पेश गर्न लगाई आवश्यक निर्णय गर्न ।
ङ) व्यास नगरपालिकाको कर्मचारी दरबन्दी स्पष्ट गरी अभिलेख व्यवस्थित गर्न ।
च) व्यास नगरपालिकाको बार्षिक खरिद योजना तयार गरी कार्यान्वयन गर्न ।
छ) व्यास नगरपालिकाको पूंजीगत बजेट अन्तर्गतका योजनाहरु सञ्चालन कार्य योजना तयार गरी कार्यान्वयन गर्न ।
ज) नगरपालिकालाई आवश्यक पर्ने प्राविधिक कर्मचारीहरुको दरबन्दी सृजना गरी नियमानुसार नियुक्ति गर्न ।
झ) नगरपालिकाको बृहत्तर विकासका लागि विभिन्न संघ संस्थाहरुसंग ऋण लिन दिन र अनुदान लिन दिन ।
ञ) विभिन्न स्वदेशी, विदेशी संघ संस्थाहरुको सदस्यता लिन र भगिनी (Sister Relation) सम्बन्ध कायम गर्न

<u>निर्णय नं.६</u>: १८ पुराणका रचयिता २८ औं अवतार व्यासजीको नाम बाटै यस नगरपालिकाको नाम व्यास नगरपालिका रही २०४८ चैत्र ३० गते स्थापना भएकोले यस नगरपालिकालाई व्यास पराशर धार्मिक क्षेत्र घोषणा गरियोस् भनी नेपाल सरकारसंग माग गर्न नगर सभा समक्ष प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

<u>निर्णय नं.७</u>: वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्ड २०७२ (संशोधन २०७३।१२।१८) र व्यास नगरपालिका क्षेत्र भित्र भवन निर्माण संहिताको कार्यान्वयन प्रयोजनका लागि व्यास नगरपालिकाद्वारा तयार गरिएको भवन निर्माण संहिता कार्यान्वयन निर्देशिका २०६७ (संशोधन २०७४) लागु गर्न नगर सभा समक्ष प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

<u>निर्णय नं.८</u>: माथि निर्णय नं.७ मा उल्लेखित मापदण्ड एवं मार्ग दर्शन विपरित बनिसकेका घरहरुका सम्बन्धमा स्थलगत अध्ययन गरी सम्भव भएसम्म मार्गदर्शन अनुसार गर्ने गराउने र सम्भव नभएमा कार्यपालिकाको बैठकको निर्णयानुसार नियमन गर्न कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्न नगर सभा समक्ष प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

<u>निर्णय नं.९</u>: संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय र अन्य सम्बद्ध निकायसंग समन्वय गरी प्राप्त परामर्शका आधारमा व्यास नगरपालिका विपद जोखिम व्यवस्थापन ऐन तर्जुमा गरी कार्यन्वयन गर्न नगर कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्न नगर सभा समक्ष प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

<u>निर्णय नं.१०</u>: व्यास नगरपालिकाको विकास अभियानमा महत्वपूर्ण व्यास मार्ग र बुद्ध सिं मार्ग भएको तर यी मार्गहरुको पृथ्वी राजमार्गसंगै जोड्ने मापदण्ड पुग्ने गरी जोडिन बांकी नै रहेकोले विभिन्न विकल्पहरुमा व्यास नगरपालिकाले आवश्यक सहयोग गर्न नगर सभा समक्ष प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

<u>निर्णय नं.११</u>: व्यास नगरपालिकामा हाल सञ्चालनमा आएका इ-रिक्साको प्रयोग र सुरक्षा सम्बन्धमा प्रश्न उठी समस्या सृजना भएकोमा सम्बन्धित विषयगत कानून बनेपछि सोही बमोजिम हुने गरी हाल नगर क्षेत्रभित्र भित्री बाटोमा इ-रिक्सा सञ्चालन गर्न अनुमति दिने र आवश्यक अन्य निर्णय गर्न कार्यपालिकालाई निर्देशन दिन नगर सभा समक्ष प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.१२: आ.व.०७४।०७५ का लागि व्यास नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक २०७४ पारित गरी अभिलेख एवं कार्यान्वयनका लागि व्यास नगर कार्यपालिकामा पठाउन नगर सभा समक्ष प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.१३: व्यास नगरपालिकाको आर्थिक बर्ष २०७४।०७५ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७४ पारित गरी अभिलेख एवं कार्यान्वयनका लागि व्यास नगर कार्यपालिकामा पठाउन नगर सभा समक्ष प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.१४: व्यास नगरपालिकाको विनियोजन ऐन २०७४ द्वारा विनियोजित बजेट, कार्यक्रम र योजनागत रुपमा विनियोजन गरी खर्च गर्न नगर कार्यपालिकालाई अधिकार दिन नगर सभा समक्ष प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.१५: व्यास नगरपालिकाद्वारा निम्न मार्गहरुमा पटके सवारी कर लगाउन सेतीमादी राष्ट्रिय दैनिक पत्रिकामा १५ दिने सूचना प्रकाशित गरी पर्न आएका सिलबन्दी दरभाउपत्रहरु नियमानुसार खोली बोलपत्र मूल्यांकन समितिद्वारा मूल्यांकन गरी सिफारिस भै आएका निम्नानुसारका दरभाउपत्र वालाहरुको निम्नानुसारको कवोल अंक कायम हुने गरी दरभाउपत्र स्वीकृत गर्ने निर्णय गरियो ।

१) व्यास मार्ग, श्री देउराली विल्डर्स, व्यास १० को रु.१५,००,०००। (पन्ध्र लाख)
२) छाब्दी मार्ग, श्री घले कन्स्ट्रक्सन, व्यास २ को रु.२,९९,९९९। (दुई लाख उनान्सय हजार नौ सय उनान्सय)
३) पराशर मार्ग, श्री देउराली विल्डर्स् व्यास १० को रु.१,२५,०००। (एक लाख पच्चीस हजार)
४) तालघरे दुम्सीचौर मार्ग, श्री पानस निर्माण सेवा, पोखरा १७ को रु.१,००,०००। (एक लाख)
५) घांसीकुवा पोखेलफांट मार्ग, श्री देउराली विल्डर्स, व्यास १० को रु.४,०५,०००। (चार लाख पांच हजार)
६) सिन्धु मार्ग, आनुगा एण्ड आर्चना कन्स्ट्रक्सन व्यास २ को रु.१,५०,०००। (एक लाख पचास हजार)

निर्णय नं.१६: आ.व.२०७३।०७४ को संशोधित खरिद योजना खरिद इकाई समितिबाट पेश भए अनुसार स्वीकृत गर्ने र आ.व.२०७४।०७५ का लागि तयार भई पेश भएको खरिद योजना समेत स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं.१७: व्यास नगरपालिका कार्यालयमा कार्यरत का.स. एवं वित्त सहायक हेमन्त गुरुङ र समुदाय परिचालकहरु पुष्पराज आचार्य, पम्फा थापा बस्नेत र सावित्री आचार्य कोइरालाले नगर प्रमुख, व्यास नगरपालिका कार्यालय र कार्यकारी अधिकृत समेतका विरुद्ध श्री उच्च अदालत पोखरामा परमादेश जारी गरी पाउं भनी रिट निवेदन दर्ता गरी उच्च अदालत पोखराबाट तिनै जनाका नाउंमा १५ दिने म्याद जारी गरी पाएकाले कार्यकारी अधिकृतका हकमा उच्च सरकारी वकिलको कार्यालय पोखरा मार्फत लिखित जवाफ पेश गरिदिनु भनी अनुरोध गर्ने र नगर प्रमुखको हकमा वारेसबाट र व्यास नगरपालिका कार्यालयको तर्फबाट म्याद भित्रै लिखित जवाफ लेखी पेश गर्न र सो मुद्दाको अन्तिम किनारा नलागेसम्म कानून बमोजिम सम्पूर्ण कार्य गर्नका लागि व्यास नगरपालिका कार्यालयमा कार्यरत श्री पदमबहादुर थापालाई प्रतिनिधि तोक्ने निर्णय गरियो ।

निर्णय नं.१८:व्यास नगरपालिकाको २७ औं एवं स्थानीय तहको पुर्नसंरचना पछिको पहिलो नगर सभामा प्रस्तुत निम्नानुसारको नीति, बजेट तथा कार्यक्रम पारित गर्न नगर सभा समक्ष प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

व्यास नगरपालिकाको २७ औ एवं स्थानीय तहको पुर्नसंरचना पछिको पहिलो नगर सभामा नगरपालिकाका तर्फबाट आर्थिक वर्ष २०७४।०७५ का लागि नीति, कार्यक्रम र बजेट प्रस्तुत गर्न पाउंदा गौरवान्वित भएको छु । यस अवसरमा नेपालमा लोकतन्त्र स्थापना गर्न प्राणको आहुति दिनुहुने सम्पूर्ण ज्ञात अज्ञात विर शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यूहरु र विभिन्न क्षेत्रको प्रतिनिधित्व गर्नुहुने सम्पूर्ण अतिथिज्यूहरु, नगरबासी दिदीबहिनी दाजुभाइहरुमा हार्दिक स्वागत अभिवादन गर्दछु ।

सेती र मादी नदीको पवित्र संगमस्थल, महर्षि वेदव्यासको जन्मभूमि, पराशर ऋषिको तपोभूमि तथा कर्मक्षेत्र रहेको महर्षि वेदव्यासकै नामबाट श्रद्धापूर्वक नामङ्कित व्यास नगरपालिकाको स्थापनाको २७ औं वर्षमा हामी छौ । भर्खरै नगरपालिकाको पुर्नसंरचना हुंदा स्याम्घा, क्यामिन, रिस्ती, सतिश्वाँरा, तनहुँशुर, घाँसीकुवा, केशवटार गा.वि.स.का पुरै तथा केही भाग नगरपालिकामा समावेश भई यस नगरपालिकाको भूगोल विस्तार भएको, जनसंख्या बृद्धि भएको र सम्भावना एवं चुनौतिहरु पनि बढेको विदितै छ । यस सन्दर्भमा विगतका अवधिमा जनप्रतिनिधिज्यूहरुबाट जनताका हितमा भएका सम्पूर्ण कार्यका लागि र विगत १५ वर्षदेखि सर्वदलिय संयन्त्र तथा कर्मचारी मित्रहरुबाट भएको सकारात्मक कार्यका लागि व्यास नगरपालिका हार्दिक धन्यवाद ज्ञापन गर्दछु । साथै नेपालको संविधान २०७२ लागु भएपश्चात् नेपालको नयां संघीय संरचना बमोजिम सम्पन्न भएको स्थानीय तहको निर्वाचन २०७४ बाट हामीलाई यस नगरपालिकाको जनप्रतिनिधिको रुपमा निर्वाचित गर्नुभएकोमा सम्पूर्ण मतदाताज्यूहरुलाई यस नगरपालिकाका सम्पूर्ण जनप्रतिनिधिहरु एवं मेरो व्यक्तिगत तर्फबाट कृतज्ञता जाहेर गर्दै हार्दिक धन्यवाद दिन चाहन्छु ।

लोकतन्त्रले मात्र हाम्रो सामाजिक विविधतालाई समेट्न र सबैको सहभागिता सुनिश्चित गर्न सक्दछ । समाजमा विद्यमान राजनीतिक, आर्थिक एवं सामाजिक विभेदलाई अन्त्य गर्ने महत्वपूर्ण साधनका रुपमा लोकतान्त्रिक पद्धती भित्र स्थानीय सरकार र सुशासनको अभ्यास हुन्छ । आज हाम्रासामु तलैदेखि लोकतन्त्रलाई सवल र संस्थागत गर्न अभूतपूर्व अवसर आएको छ । स्थानीय सरकारको यो नयां संवैधानिक प्रयोग, "हाम्रो लोकतन्त्र" नेपाली जनताको घर आँगनमा आएको ठूलो परिवर्तनको सूचक हो । नेपालको राजनैतिक तथा प्रशासनिक संरचनामा व्यापक परिवर्तन हुने गरी भएको "संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान", संविधान सभाबाट २०७२ असोज ३ मा जारी भएको र उक्त संविधानले संघ, प्रदेश र स्थानीय तह समेतको ३ तहको सरकारको परिकल्पना गरेकोमा संविधान निर्माण पछि संविधान कार्यान्वयनमा आएका अनेक चुनौतिहरु झेल्दै वर्तमान गठबन्धन सरकारबाट स्थानीय तहको निर्वाचन सम्पन्न गर्न गरिएको अभियान सकारात्मक छ । तथापि स्थानीय तहको पुर्नसंरचना, वडाहरु विभाजनमा देखिएका कमी कमजोरीले "सिंहदरवारको अधिकार घर दैलोमा" भन्ने नारा सार्थक हुन कठिन भइरहेको छ । संविधानले प्रदान गरेको स्थानीय तहको अधिकारलाई निर्वाधरुपमा सञ्चालन गर्न परिमार्जित "स्थानीय तहको ऐन" आजका मितिसम्म हाम्रो हातमा  छैन । आज पनि हामीलाई स्थानीय निकाय कै मौजुदा ऐन २०५५ एवं मन्त्रालयका नीति तथा निर्देशनका भरमा नगरपालिका सञ्चालन गर्नुपर्दा नीतिगत रुपमा अत्यन्त कठिनाइहरु झेल्नुपरिरहेको छ । तथापि जनप्रतिनिधिहरुको नगरबासीहरु प्रतिको उत्तरदायित्वलाई आत्मसात् गर्दै अनेक कठिनाईका वावजुद यो नगर सभाको आयोजना गरिएको छ ।

आ.व.२०७४।७५ का लागि व्यास नगरपालिका र यसमा जोडिएका गा.वि.स.हरुले यस अघिनै नीति, कार्यक्रम तथा बजेट पारित गराइसकेको वर्तमान परिप्रेक्षमा नगरपालिकाको पुर्नसंरचना हुंदा साविक वडाहरु र गा.वि.स.हरु नयां वडाहरुमा परिणत हुनेक्रममा, भौगोलिक सिमा जोडिएका गा.वि.स.हरुका केही वडाहरु भानु नगरपालिका, बन्दीपुर गाउँपालिकामा समेत समेटिनु र जननिर्वाचित जनप्रतिनिधिहरु वहाल भएपश्चात् चुलिएका जनचाहना र परिवर्तनका सोचहरुका कारणहरुले आगामी वर्षको बजेट, नीति तथा कार्यक्रम पुरै नयां ढंगले जानुपर्ने अवस्थाको महशुस गर्दै अनेक चुनौतिहरुका बीच यो नीति, कार्यक्रम र बजेट प्रस्तुत गरिएको छ ।

लामो समयसम्म जनप्रतिनिधि विहिन हुन पुगेका नगरबासीहरुका आवश्यकता र आकांक्षाहरु असिमित छन् । खानेपानी, सडक, गुणस्तरीय विद्युतीकरणका साथसाथै रोजगारीका अवसरहरुको मागको, ज्वारभाटामा सिमित साधन श्रोतको सिमाभित्र बसेर कार्यक्रम तथा बजेट निर्माण गर्न सजिलो छैन । कल्याणकारी स्थानीय सरकारको कर्तव्य सन्तुलित एवं प्रभाकारी रुपमा निर्वाह हुन सकेन भने नगरबासी र नगरपालिका बीचको भावनात्मक सम्बन्धको दुरी बढ्न सक्ने चुनौति छ । तनहुँका अन्य स्थानीय तहहरुमा रहेको प्राकृतिक श्रोत साधन एवं सम्भावनाहरुको तुलनामा यस नगरपालिकाको प्राकृतिक श्रोत र साधनहरुको उपलब्धता न्यून रहेकोले आन्तरिक श्रोत परिचालनमा सजगता अपनाउन सकिएन भने कतै यो नगरपालिका विकास र प्रतिस्पर्धाको दौडमा पछि पर्ने त होइन ? भन्ने विषयमा हामी अत्यन्त सजग र चिन्तनशील छौ । यस तथ्यलाई मनन गर्दै नगरको विकासप्रतिको हाम्रो निष्ठा, क्रियाशीलता र कर्मशीलतामा कुनै विचलन आउन दिनेछैनौं । यस नगरभित्र बसोबास गर्नुहुने नगरबासीहरु स्वभाविक तवरले जुनसुकै जात, धर्म, भाषा, विचार एवं भूगोलमा विभाजित भएपनि यस नगरपालिकालाई सबैको साझा आस्था र विश्वासको धरोहर बनाउंदै हाम्रो परम्परागत साम्प्रदायिक सद्भावलाई अझ मझबुत गराउन हामी प्रतिबद्ध रहनेछौ ।

देश संघीयतामा गइसकेपछि कायम हुन आएको नयां संघीय संरचनाले हाम्रो यस नगरपालिकालाई देशका केही ठूला शहरहरु काठमाण्डौ, पोखरा र भरतपुर जस्ता स्थापित शहरका अलावा योजनाबद्ध हिसाबले राष्ट्रिय प्राथमिकता परी विकास निर्माणको लागि द्रुत गतिमा अगाडि बढिरहेका प्रस्तावित शहरहरु भानू र पालुङटार संगको दुरी घटाई दिएको छ भने सम्बन्धित निकाय र अन्य स्थानीय तहहरुसंग समन्वय एवं साझेदार गरी नवलपरासी जोड्ने फास्ट ट्र्याक निर्माण गरिएको खण्डमा तराई संगको हाम्रो लामो दूरी घट्न गई करीब १४ कि.मी. मात्र कायम हुन आउंछ । जुन कुरा हाम्रो जस्तो पहाडी जिल्लाहरुको केन्द्रमा रहेको यस नगरपालिकाको लागि केहि चुनौति र धेरै सम्भावनाहरुको रुपमा हाम्रो सामु रहेको छ । उल्लेखित चुनौति र सम्भावनालाई अवसरको रुपमा उपयोग गरी यो नगरलाई प्रमुख व्यापारिक, वैज्ञानिक कृषि, औद्योगिक, धार्मिक सांस्कृतिक पर्यटकीय नगर एवं शैक्षिक केन्द्रको रुपमा विकसित गर्न सके यो नगरपालिका ४ नम्बर प्रदेश कै एवं कृषि उत्पादन र शैक्षिक व्यापारिक हवको रुपमा स्थापित हुनेकुरामा दुईमत छैन । यसै तथ्यलाई मनन गरी योजनाबद्ध रुपमा यस नगरपालिकाका नीति तथा कार्यक्रमहरु अगाडि बढाइने व्यहोरा म यहांहरु समक्ष निवेदन गर्न चाहन्छु ।

अब म चालु आर्थिक वर्ष २०७३।०७४ मा व्यास नगरपालिकाले सम्पादन गरेका महत्वपूर्ण कार्यहरु र नगरपालिकाले प्राथमिकता दिएका प्रमुख विषयहरु बुँदागत रुपमा यहाँहरु समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१. वातावरणमैत्री कार्यक्रम संचालन गरी नेपाल मै पहिलो वातावरणमैत्री वडा घोषणा गर्न सफल यस नगरपालिकाले यस वर्ष अन्य नगरपालिकाको तुलनामा अधिक बजेट प्राप्त गर्न सफल भई नगरमा वातावरणमैत्री सम्बन्धी कार्यक्रमलाई उच्च प्राथमिकताका साथ अगाडि बढाइरहेको छ ।
२. नगरको आन्तरिक आय बृद्धि गर्ने तथा सेवा प्रवाहलाई सहज गराउने उद्देश्यले व्यवसायिक रुपमा भाडामा लगाउने एवं कार्यालय संचालनको लागि नगरपालिकाको बहुउद्देश्यीय भवन निर्माण कार्यको थालनी गरिएको छ ।
३. स्थानीय विपद् व्यवस्थापन गुरु योजना तयार गरिएको छ ।
४. न्युनतम शर्त तथा कार्यसम्पादन मूल्यांकन (एम.सि.पि.एम.) मा उच्च अंक ल्याउन सफल भएको छ ।
५. बृहत्तर शहरी विकास गुरु योजना निर्माण कार्यको लागि प्रक्रिया अगाडि बढाइएको छ ।
६. एकिकृत पर्यटकीय गुरु योजना निर्माण कार्यको लागि प्रक्रिया अगाडि बढाइएको छ
७. नगर विकास कोषबाट नेपालका नगरपालिकाहरु मध्ये विगतको आर्थिक वर्षमा जस्तै यस वर्षपनि प्रथम स्थान हासिल गर्न सफल भएको छ ।
८. फोहरबाट उर्जा उत्पादन गर्ने कार्यका लागि प्रक्रिया अगाडि बढाइएको छ ।
९. प्रस्तावित स्यानिटरी ल्याण्डफिल साइटको प्रारम्भिक वातावरणीय मूल्यांकन कार्य अगाडि बढाइएको छ ।
१०. हालसम्म ४८ वटा शौर्य सडक बत्ती जडान गरिसकिएको छ भने करिब ८४ वटा बत्ती जडान गर्ने कार्य अन्तिम चरणमा रहेको छ ।
११. नगर क्षेत्रमा ३ कि.मी. सडक कालोपत्रे गर्न सफल भएको छ ।
१२. नगर क्षेत्रमा ३ कि.मी. पक्की नाला निर्माण गर्न सफल भएको छ ।
१३. ग्रामिण वडामा रहेका ७ कि.मी. कच्ची सडकहरु स्तरोन्नति गरिएको छ ।
१४. सम्पूर्ण वडाहरुमा वडा समिति कार्यालयको स्थापना गरी कार्यारम्भ गरिएको छ ।
१५. बालमैत्री, महिलामैत्री, अपांगमैत्री जस्ता कार्यक्रमहरुलाई प्राथमिकताका साथ अगाडि बढाइएको छ ।
१६. स्वच्छ खानेपानी आपूर्तिलाई प्राथमिकतामा राखी विभिन्न कार्यक्रम संचालन गरिएको छ ।
१७. नगरको शैक्षिक गुणस्तर बृद्धिमा सहयोग पुर्‍याउने गरी कार्यक्रमहरु संचालन गरिएको छ ।
१८. विशेष गरी महिला, विपन्न वर्ग तथा लक्षित समूहहरुलाई व्यवसायमूलक एवं सिपमूलक तालिमहरु दिई आयस्तरमा बृद्धि हुने कार्यक्रमहरु संचालन गरिएको छ ।

अब म आगामी आ.व.२०७४।०७५ का लागि व्यास नगरपालिकाले आफ्नो उद्देश्य प्राप्तिका लागि अवलम्बन गरेको नीति एवं तय गरेका कार्यक्रम र बजेट प्रस्तुत गर्न अनुमति चाहन्छु ।

विगतमा तयार गरिएको आ.व.२०७४।०७५ को बजेट तथा कार्यक्रमको समीक्षा एवं आवश्यकता अनुसार पुनरावलोकन गर्दै वडाका टोल, वस्ती स्तरबाट प्राप्त थप योजनाहरु, वडा समितिका प्राथमिकताहरु, विषयगत समितिहरुका निर्णयका आधारमा यो बजेट तथा कार्यक्रमको तर्जुमा गरिएको छ ।

**अवलम्बन गरिएका मार्ग दर्शनहरु**

- नेपालको संविधान २०७२,
- व्यास नगरपालिकाबाट पारित निर्णय आदेश र अधिकारपत्रको प्रमाणिकरण कार्यविधि नियमावली २०७४
- व्यास नगरपालिकाबाट पारित स्थानीय तहको बैठक संचालन कार्यविधि २०७४
- व्यास नगरपालिकाबाट पारित नगरपालिकाको (कार्यसम्पादन) नियमावली २०७४,
- व्यास नगरपालिकाबाट पारित नगरपालिकाको (कार्यविभाजन) नियमावली २०७४,
- स्थानीय तहको योजना तथा बजेट तर्जुमा सम्बन्धी दिग्दर्शन २०७४,
- स्थानीय तह सञ्चालन सम्बन्धी आदेश २०७४,
- स्थानीय स्वायत्त शासन ऐन २०५५ र नियमावली २०५६,
- आवधिक नगर विकास योजनाले निर्दिष्ट गरेका क्षेत्रगत, नीति, योजना र कार्यक्रम,
- सहभागितात्मक र समावेशी योजना तर्जुमा प्रक्रियाद्वारा प्राथमिकीकरण भई आएका योजना तथा कार्यक्रमहरु,
- आ.व. ०७३।७४ को बजेटले निर्दिष्ट गरेका नीति, योजना र कार्यक्रमहरु,
- संघीय अन्य विभिन्न निकायबाट प्राप्त निर्देशिका, परिपत्र तथा मार्गदर्शन,

**लक्ष्य**

**"विविधतायुक्त एकताको समुन्नत गाउँशहर, उज्यालो, हराभरा, समृद्ध हाम्रो व्यास नगर"** बनाउने व्यास नगरपालिकाको लक्ष्य हुनेछ र लक्ष्य पुरा गर्न निम्न उद्देश्यहरु लिइएको छ

**उद्देश्यहरु**

- आर्थिक विकास अन्तर्गत व्यवसायिक एवं वैज्ञानिक कृषि प्रणाली, उद्योग धन्दा एवं कलकारखाना, आन्तरिक तथा बाह्य पर्यटन सम्बन्धी प्रर्बद्धनात्मक कार्यक्रमहरु अगाडि बढाउनुका साथै सहकारी एवं वित्तीय क्षेत्रहरुलाई यस तर्फ आकर्षित गरी नगरवासीको आयस्तरमा बृद्धि हुने प्रकृतिका कार्यक्रमहरु संचालन गरिने ।
- सामाजिक विकास अन्तर्गत शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई जस्ता आधारभूत विषयलाई उच्च प्राथमिकतामा राख्दै हाम्रो लोक संस्कृति साहित्य एवं परम्परालाई जर्गेर्ना गर्नुका साथै युवा वर्गलाई खेलकुद एवं मनोरञ्जन तर्फ आकर्षित गरी विकासको मुल प्रवाहमा ल्याइने छ भने नगरका सबै गतिविधिहरुमा लैंगिक तथा सामाजिक समावेशिकरणलाई आधारमानी प्राथमिकताका साथ कार्यक्रमहरु संचालन गरिने
- पूर्वाधार विकास अन्तर्गत स्थानीय स्तरका सडक पुल पुलेसा, झोलुङ्गेपुल एवं सिंचाई र संचार जस्ता कार्यक्रमहरुमा लगानी बढाई दीगो भौतिक विकासतर्फ नगरलाई उन्मुख गराइने छ त्यसैगरी एउटा सुविधा सम्पन्न व्यवस्थित शहरको रुपमा यस नगरपालिकालाई विकास गर्न भवन निर्माण तथा शहरी विकास सम्बन्धी मापदण्डको मर्म र उद्देश्य विपरित नहुने गरी त्यसलाई वैज्ञानिक रुपमा परिमार्जन सहित प्रयोग गर्दै नयां वस्ती विकास सम्बन्धी कार्यक्रमहरु अगाडि बढाइनुका साथै निर्माणाधीन तनहुं हाइड्रोपावर र स्थानीय सरोकारवालाहरु बीच समन्वय गराई निर्माण कार्यलाई प्रभावकारी रुपमा सूचारु गराइनुका साथै लघु तथा साना जलविद्युत आयोजना र वैकल्पिक उर्जाको सम्भावनाहरुको खोजी गरी उर्जा संकट न्युनिकरण गर्ने तर्फ सम्बन्धित निकायसंग समन्वय गरी सम्भाव्यता अध्ययनका लागि पहल गरिने ।
- वातावरण तथा विपद व्यवस्थापन अन्तर्गत वन तथा भूसंरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण एवं जलवायु परिवर्तन, फोहरमैला तथा ढल व्यवस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण सम्बन्धी विविध कार्यक्रमहरु संचालन गरिने छ भने विपद व्यवस्थापनका लागि स्थानीय विपद् जोखिम व्यवस्थापन योजना २०७४ पारित गरी यस क्षेत्रमा योजनाबद्ध तवरले नीति तथा कार्यक्रम तय गरिने छ । यसका साथै वारुणयन्त्रको संचालनलाई छिटो छरितो एवं प्रभावकारी बनाउन सरोकारवालाहरु संग समन्वय गरी दक्ष जनशक्तिहरुको व्यवस्थापन मिलाइनेछ ।
- संस्थागत विकास, सेवा प्रवाह र सुशासन अन्तर्गत कार्यालयको नियमित कार्यहरु व्यक्तिगत घटना दर्ता गर्ने कार्य, कार्यालयको अभिलेख व्यवस्थापन गर्ने कार्य, विविध क्षेत्रगत तथ्यांक संकलन गर्ने कार्य, सूचना प्रविधिको प्रयोग एवं प्रबर्द्धन गर्ने जस्ता दैनिक सेवा प्रवाहसंग जोडिएका कार्यहरुलाई अत्यन्त वैज्ञानिक, सहज, सुलभ, पारदर्शी र सबैको पहुंचमा रहने गरी सुधार गर्दै त्यसलाई संस्थागत गराउंदै लगिने छ भने नगरको सुरक्षा व्यवस्था र अन्य विविध अनुसन्धान एवं विकासका सम्भावनाहरुलाई सम्बन्धित पक्षहरुसंग समन्वय गरी अगाडि बढाइने छ ।

**<u>निर्धारित उद्देश्यहरु पुरा गर्न निम्नानुसारका नीति/कार्यक्रम संचालन गरिनेछ:</u>**

- उज्यालो, सफा र हरियो व्यास नगरपालिका बनाउन आवश्यक कार्यहरु गर्ने ।
- व्यवसायीक आधुनिक कृषि सम्बन्धी प्रबर्द्धनात्मक कार्यक्रमहरुलाई उच्च प्राथमिकताका साथ संचालन गरी नगरलाई क्रमश: आत्म निर्भर नगरको रुपमा स्थापित गर्दै लैजाने नीति अवलम्बन गरिने छ ।
- विभिन्न जातजाति, भाषा, धर्म र संस्कृतिको संरक्षण, सम्बर्द्धन एवं जर्गेना गर्ने तथा त्यसको व्यवसायीकरण गर्ने उद्देश्यले सम्भावित समुदाय एवं वस्तीहरुमा होमस्टेहरु संचालन गर्न सहयोग गरी आन्तरिक तथा वाह्य पर्यटनहरु आकर्षक गर्ने नीति अवलम्बन गरिनेछ ।
- नगरपालिका क्षेत्रभित्रका सम्पूर्ण वडाहरुमा शुद्ध, स्वच्छ एवं सफा खानेपानी आपूर्ति गर्ने कार्यलाई प्राथमिकतामा राखी आवश्यक व्यवस्था मिलाइने छ । व्यास १० स्थित दुम्सीचौरमा जलासय निर्माण गरी बहुउद्देश्यीय योजना लागू गरिनेछ ।
- सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई सहज तुल्याउन जेष्ठ नागरिक, अपांग, विधवा एवं लोपोन्मुख आदिवासी र दलित बालबालिका भत्तालाई घरदैलोबाट नै वितरण गर्ने व्यवस्था मिलाइने छ ।
- व्यास नगरपालिका वडा नं.८ को पुलीमराङ र व्यास नगरपालिका वडा नं.११ को तनहुंशुरमा रहेका सहिद स्मृति पार्कहरुको पुन:निर्माण, संरक्षण एवं सम्बर्द्धनको आवश्यक व्यवस्था मिलाइने छ ।
- वातावरणीय सन्तुलन कायम राख्न नगरलाई पूर्ण रुपमा वातावरणमैत्री गराउने गरी वातावरणमैत्री कार्यक्रमहरु संचालन गरिने र अन्य विकास निर्माणका कार्यक्रमहरु संचालन गर्दा यस तर्फ अत्यन्त सजगता अपनाइने छ भने यसै वर्ष नमूनाको रुपमा उपयुक्त सार्वजनिक स्थानमा फुलैफुलका बृक्षहरु रोपी सोको संरक्षण र सम्बर्द्धन गरिनेछ । साथै पुष्प खेती गर्न इच्छुक स्थानीय कृषकहरुलाई अनुदान दिने नीति लिइएको छ ।
- नगर क्षेत्रभित्र रहेका धार्मिक एवं ऐतिहासिक महत्वका क्षेत्रहरुको पहिचान गरी तिनीहरुको उचित संरक्षण, सम्बर्द्धनको व्यवस्था मिलाइने ।
- नगरको समग्र विकासको लागि योजनाबद्ध रुपमा अगाडि बढ्न बृहद शहरी विकास गुरुयोजना तयार गरी कार्ययोजना सहित अगाडि बढाइनेछ ।

- १०८ फिट अग्लो व्यासको मूर्ति निर्माणको लागि प्राथमिकतामा राखी आवश्यक पहल गरिनेछ ।
- यस क्षेत्रको शैक्षिक धरोहरको रुपमा रहेको आदिकवि भानुभक्त क्याम्पसलाई विश्व विद्यालयका रुपमा स्तरोन्नति गर्न आवश्यक पहल गरिने र माध्यमिक विद्यालय एवं आधारभूत विद्यालयहरुको गुणस्तर विकास गर्न विशेष कार्ययोजना बनाई लागु गरिनेछ ।
- व्यास नगरपालिका कार्यालय भित्र एक व्यवस्थित नगर पुस्तकालय स्थापना गरिनेछ ।
- व्यास नगरपालिकामा सञ्चालित विद्यालयहरुमा प्राविधिक विषय सञ्चालन गर्न विशेष सहयोग दिई प्राविधिक शिक्षामा जोड दिइनेछ ।
- व्यास नगरपालिका भित्रका सामुदायिक तथा निजी विद्यालयहरुको व्यवस्थापन एवं गुणस्तर विकास गर्न कानून बमोजिम नगर शिक्षा समिति गठन गरी कार्य योजना बनाई लागू गरिनेछ ।
- विदेशबाट प्राप्त रेमिट्यास तथा शिपयुक्त जनशक्तिलाई विभिन्न उद्योग, व्यापार व्यवसाय सञ्चालन गर्न प्रोत्साहन दिइनेछ, साथै लगानीको सुरक्षित वातावरणको प्रत्याभूति दिइने छ ।
- नेपाल सरकारले लागू गरेको स्वास्थ्य विमा लागू गर्न प्रोत्साहित गरिनेछ ।
- व्यास नगर भित्र अव्यवस्थित बसोबासीहरु प्रशस्त भएका र घरजग्गा व्यवस्थापन गर्न विभिन्न समस्याहरु आएकाले व्यास नगरपालिकामा पुन: नापी गर्ने कार्य अगाडि बढाइने छ ।
- यस नगरलाई एउटा सक्षम, सवल र आत्म निर्भर नगरको रुपमा विकसित गर्न यसको मेरुदण्डको रुपमा रहेको आन्तरिक आय एवं कर व्यवस्थापनको क्षेत्रलाई सहज, सुलभ र वैज्ञानिक गराइने छ ।
- कार्यालयको दैनिक सेवा प्रवाह एवं प्रशासनिक कार्यहरु कम्प्युटरकृत समेत गरी त्यस्ता कार्यहरुलाई सरल, सहज, सुलभ र पारदर्शी गराइ सुशासनको प्रत्याभूति गराइने छ ।
- हाल नगरपालिका क्षेत्रमा अस्थायी रुपमा गाडिएका काठका पोलहरु विस्तापित गरी स्टिल तथा कंक्रिट पोल राखी विद्युत सेवालाई सुरक्षित एवं भरपर्दो बनाउन सम्बन्धित पक्षसंग समन्वय गरी कार्य योजना बनाइ लागु गरिने छ ।
- नगरपालिका अन्तरगतका नदी तथा खोलाहरुको सफाई अभियानलाई कार्य योजना बनाई लागु गरिनेछ ।
- व्यास नगरपालिकालाई बालमैत्री नगर बनाइने छ ।
- महिला हिंसालाई अन्त गरी कानूनी शासनको प्रत्याभूति महशुस गराउन आवश्यक सहयोग पुर्‍याइनेछ
- सेवा प्रवाहलाई पूर्ण रुपमा विद्युतीय शासन प्रणाली (E-Governance)मा आधारित बनाई नागरिकमैत्री बनाइनेछ ।
- सार्वजनिक निजी साझेदारी नीति (PPP Model) अन्तर्गत केही नमुना कार्यक्रमहरु छनौट गरी कार्यान्वयनको प्रक्रिया अगाडि बढाउन पहल गरिनेछ ।
- नगरपालिकाको पूर्व सम्भाव्यता अध्ययनबाट स्यानीटरी ल्याण्डफिल साइटको लागि प्रारम्भिक रुपमा सम्भावित देखिएको व्यास न.पा. वडा नं.५ मा पर्ने टेकनथुम्की सामुदायिक वन भित्रको जग्गाको प्रारम्भिक वातावरणीय मूल्यांकन (IEE) गर्ने कार्य भइरहेको र परामर्शदाताबाट त्यसको प्रतिवेदन प्राप्त भई उपयुक्त ठहरिएको खण्डमा मात्र स्थानीय सरोकारवालाहरुसंग परामर्श गरी अन्य कार्य अगाडि बढाइने छ ।
- नगरपालिका क्षेत्रभित्र दैनिक रुपमा उत्पादन हुने फोहोरबाट उर्जा उत्पादन गर्ने कार्यका लागि वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रसंगको सहकार्यमा सम्भाव्यता अध्ययनको कार्य पुरा गरी निजी लगानीकर्ता (Developer) समेत छनौट भइसकेको हुनाले अविलम्ब लगानीकर्तालाई उपयुक्त डि.पि.आर. तयार गर्न लगाई बांकी कार्य अगाडि बढाइने छ
- फोहरमैलाको दीगो रुपमा व्यवस्थापनको लागि फोहरमैलालाई श्रोतमानै घटाउने नीति अवलम्बन गर्दै zero waste management को सिद्धान्तमा आधारित रही कार्यक्रमहरु तय गरिने छ जस अनुसार घरघरबाट दैनिक रुपमा उत्पादन हुने फोहरमैलालाई सम्बन्धित घरधनी कै सहयोग र सहभागितामा वर्गीकरण गर्ने र वर्गीकरणबाट छुट्याएको सड्ने फोहरबाट प्राङ्गगारिक मल तथा उर्जा उत्पादन गर्ने सम्बन्धी कार्यलाई प्राथमिकतामा राखिएको छ ।
- उर्जाको संकटलाई न्युनिकरण गर्ने उद्देश्यले विद्युत आपूर्तिको विकल्पको रुपमा सौर्य उर्जा प्रवर्द्धन कार्यक्रमलाई स्थानीय टोल विकास संस्था र सम्बन्धित निकायसंग समन्वय एवं सहकार्य गरी प्रभावकारी रुपमा उच्च प्राथमिकताका साथ यसवर्ष पनि निरन्तरता दिइने छ ।
- पक्की ढल सहितको कालोपत्रे सडक निर्माणमा जोड दिइने छ ।
- धार्मिक, साहित्यिक, ऐतिहासिक, सांस्कृतिक र प्राकृतिक क्षेत्र समेत समेटेर व्यास नगरपालिकाको एकिकृत व्यास पराशर पर्यटन गुरु योजना तयार गरिनेछ । जसमा छिमेकी गाउंपालिका र नगरपालिकाहरुसंगको आपसी पर्यटकीय सम्बन्धलाई समेत स्थापित गर्ने गरी गुरु योजना तयार गरिने छ ।
- विगतमा झैं यस वर्षपनि महिला, बालबालिका, आदिवासी जनजाति, दलित, ज्येष्ठ नागरिक, अपांगता, मुस्लिम, अल्पसंख्यक आदिको लागि स्थानीय निकाय कार्यसंचालन कार्यविधिमा उल्लेख भए अनुसारको सम्बन्धित

कार्यक्रममा विनियोजन गरी सम्बन्धित पक्षहरुबाट पहिचान भैआएका आवश्यकताहरुका आधारमा सहभातिामूलक ढंगमा कार्यक्रमहरु संचालन गरिनेछ ।

- जनसहभागितामा आधारित योजनाहरुलाई उच्च प्राथमिकता दिइनेछ । साथै पिछडिएको क्षेत्र वर्ग र समुदायमा स्थानीय जनसहभागितालाई लचिलो नीति अवलम्बन गरी सन्तुलित र समन्यायिक विकासको अवधारणालाई वढवा दिइने छ ।
- प्रत्येक वडामा क्रमिक रुपमा वडा कार्यालय भवन निर्माण गरी वडा कार्यालयहरुबाट प्रदान गरिने सेवा प्रवाहलाई अझ प्रभावकारी एवं गुणस्तरीय बनाइने छ ।
- कृषि व्यवसायको व्यवसायिक प्रवर्द्धनको लागि योजनाबद्ध तरिकाले यसका आधारहरु तयार गर्न एकिकृत बृहद शहरी विकास आयोजना अन्तर्गत विशेष प्राथमिकताका साथ कृषि क्षेत्रको कृषि गुरु योजना तयार गरिने छ । साथै सोको आधारमा १ वडा १ उत्पादन (OWOP) को नीति अवलम्बन गरिनेछ ।
- भवन विभागको प्राविधिक तथा आर्थिक सहयोगमा प्रस्तावित व्यास नगरपालिका वडा नं.१ स्थित करंकाठ बसपार्कको स्तरोन्नति गरिने छ ।
- नगरपालिका क्षेत्रभित्रको सार्वजनिक जग्गा यकिन गरी संरक्षण गर्ने तथा त्यस्ता जग्गाहरु र यस अगाडि विभिन्न वडाहरुमा निर्माण भएका सामुदायिक भवनहरुलाई नगरपालिकाको स्वामित्वमा ल्याइ सोको उचित प्रयोग एवं संरक्षण गर्नेतर्फ कार्यक्रम अगाडि बढाइने छ ।
- नगरपालिकाद्वारा सम्पादित नियमित तथा विकास निर्माण सम्बन्धी गतिविधिहरुलाई पत्रपत्रिका, रेडियो कार्यक्रम तथा वेवसाइट मार्फत प्रकाशन तथा प्रशारण गरी सबै नगरवासीहरुलाई सुसूचित गरिनेछ ।
- साविकका वडाहरुमा रहेका टोल विकास संस्थाहरुको पुर्नगठन एवं नयां गाभिन आएका वडाहरुमा भूगोल र जनसंख्याको आधारमा वैज्ञानिक तवरले टोल विकास संस्थाहरु गठन गरी तिनीहरुलाई वडाको सरसफाई, सामाजिक विकास र विकास निर्माणका अन्य गतिविधिहरुमा परिचालन गरिनेछ ।
- विकास निर्माण र वजेट तथा कार्यक्रम वितरण प्रणालीलाई भूगोल र जनसंख्या समेतलाई मध्येजनर गरी समतामूलक सिद्धान्तको आधारमा वितरण गर्ने नीति अवलम्बन गरिने छ । जस अनुसार यसवर्ष प्रत्येक वडाको लागि चालु र पुंजीगत गरी कम्तिमा १ करोड रुपैया नघट्ने गरी बजेट सिलिङ कामय गरिएको छ
- नगरपालिका भित्रका सार्वजनिक महत्वका भवन, पार्क र अन्य भौतिक संरचनाहरुको निर्माणमा अनिवार्यरुपमा अपाङ्गता मैत्री बनाउन आवश्यक प्रकृयाको थालनी गरिनेछ ।
- राज्यको चौथो अंग भनेर चिनिने संचार जगतलाई व्यवस्थित रुपमा प्रवर्द्धन गर्न नेपाल पत्रका महासंघ तनहुं शाखाको संस्थागत विकासमा टेवा पुर्‍याइने छ ।
- सम्भावित प्राकृतिक प्रकोप एवं विपदको आपतकालिन अवस्थालाई मध्यनजर गरी तत्कालै सोको व्यवस्थापनको सहजताको लागि विपद व्यवस्थापन कोष खडा गरिने छ
- व्यास ३ भतेरी स्थित मादीनदी किनाराको जग्गा अधिग्रहण गरी हरियाली पार्क, बसपार्क र रंगशाला निर्माण गर्ने प्रयोजनका लागि यस अगाडि नै अर्थ मन्त्रालयबाट सैद्धान्तिक सहमति प्राप्त भइसकेको सन्दर्भमा सम्बन्धित निकायसंग बजेट विनियोजनका लागि अनुरोध गरी सम्बन्धित जग्गाधनी एवं अन्य सरोकारवालाहरुसंग आवश्यक परामर्श तथा समन्वय गर्दै अधिग्रहण प्रक्रिया अगाडि बढाइने छ ।
- कर्मचारीहरुको क्षमता विकास तथा नगरपालिकाको आवश्यकता अनुसार उनीहरुको क्षमता एवं दक्षता उपयोग गर्ने नीति अवलम्बन गरिने छ । यसै वर्ष जनशक्ति व्यवस्थापनलाई वैज्ञानिक गराउन कार्यालयको संगठन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याइने छ । जस अनुसार वडा समिति कार्यालयमा पूर्णरुपमा जनशक्ति व्यवस्थापन गरिने छ भने विशेषगरी नगरको सुरक्षा र अनुगमन तथा नियमन प्रक्रियालाई प्रभावकारी गराउन नगरप्रहरीहरु व्यवस्थापन गर्ने कार्यलाई उच्च प्राथमिकतामा राखिने छ भने संगठनको जनशक्ति व्यवस्थापनलाई क्रियाशील एवं वैज्ञानिक तवरले अध्यावधिक गर्न यस नगरपालिकामा पनि निजामति कर्मचारी सेवाको मोडल अनुसार गोल्डेन हेन्सेक कार्यक्रमलाई अगाडि बढाइने छ ।
- भवन निर्माण मापदण्ड २०७२ को मर्म र उद्देश्य विपरित नहुने गरी यस नगरपालिकाको भूगोल, वस्ती विकासको अवस्था एवं स्थानीयस्तरका समस्या र शहरी विस्तारको गतिलाई मध्यनजर गर्दै सम्पूर्ण समस्याहरुको सम्वोधन हुने गरी वस्तुनिष्ठ भवन निर्माण सम्बन्धी मापदण्ड तयार गरी कार्यान्वयनमा ल्याइनेछ । साथै हाल नगरपालिकाबाट नक्शापास गरी घर निर्माण गर्ने घरधनीहरुको घर निर्माण कार्यको सुपरभिजन गर्ने कार्य निजी प्राविधिक परामर्शदाता संस्थाहरुबाट हुँदै आएकोमा सुपरभिजन खर्चको अनुपातमा सुपरभिजन कार्य त्यति प्रभावकारी नदेखिएको जसका कारण घर निर्माण प्रक्रियामा अनियमितता बढ्न गएको हुनाले अत्यन्त सुलभ दरमा शुल्क लिई सुभरभिजन दायित्व यस वर्षदेखि नगरपालिकाले नै लिने र सोको लागि आवश्यक पर्ने प्राविधिक जनशक्ति सोही शुल्कबाट पारिश्रमिक उपलब्ध गाउने गरी सेवा करारमा लिइने व्यवस्था मिलाइनेछ ।

- युवाहरुलाई खेलकूदप्रति आकर्षित गर्दै समाज रुपान्तरणको मूल धारमा समाहित गर्ने उद्देश्यले यस सम्बन्धी विभिन्न कार्यक्रमहरु अगाडि बढाइने छ ।
- व्यास ११ को फराकचौरमा क्रिकेट मैदान, व्यास ५ को चिन्तुटारमा फुटवल मैदान, व्यास ३ को वि.पि. वाटिकामा खेलकुद मैदान लगायत प्रत्येक वडाको आवस्यकता अनुसार खेलमैदानहरुको व्यवस्थापन एवं संरक्षण गरिनेछ ।
- व्यास नगरपालिकाका सार्वजनिक, ऐलानी जग्गाहरुमा अध्ययन गरी फूलबगैचा निर्माण गर्ने र फूलखेती गर्ने किसानलाई प्रोत्साहित गरी फूलखेतीलाई व्यवसायिक रुपमा विकास गर्न सहयोग पुर्‍याइनेछ ।
- सेती मादी नदी कटानलाई रोक्न बृहद तटबन्धन योजना लागु गरिने छ ।
- व्यास नगरपालिका भित्रका नदी, सहायक नदी उपत्यका विकास योजना लागु गरिनेछ ।
- तनहुंशुर, कोट गलेखाम लगायत व्यास नगरपालिका भित्रका प्राचिन, ऐतिहासिक स्थानको संरक्षण र सम्बर्द्धनका लागि सहयोग पुर्‍याइनेछ ।
- व्यास ३ स्थित अनसन चौतारी भएको खुला चौरको पश्चिम भागबाट अस्पतालसरुम्म जाने बाटो निर्माण गरी बांकी रहेको खुला चौरलाई विपद कालिन आश्रमका लागि समेत सदुपयोग हुने गरी पार्क निर्माण गर्न जिल्ला समन्वय समितिसंग समन्वय गरिनेछ । साथै व्यास ४ को कालिका शहिद जंगल पार्कको व्यवस्थापनमा सहयोग पुर्‍याइनेछ ।
- व्यास नगरपालिकाको हालको पेश्की बेरुजु फछ्र्यौट गर्न पहल गरिनेछ ।
- जेष्ठ नागरिकहरुको परामर्शमा उनीहरुलाई नै लक्षित गरी उनीहरुको आत्म सम्मान र भलो हुने प्रकृतिका कल्याणकारी कार्यक्रमहरु अगाडि बढाइने छ ।
- राष्ट्रिय गौरवको आयोजनाको रुपमा रहेको तनहुं हाइड्रो पावरलाई समयमै निर्माण सम्पन्न गर्नको लागि सरोकारवालाहरुको समन्वय र सहयोगमा नगरपालिकाले पहल गर्नेछ ।
- नगर क्षेत्रमा रहेका सामुदायिक वन उपभोक्ता समूहहरु संग सहकार्य गरी त्यस भित्र रहेका चुनौतिहरु व्यवस्थापन गर्न सामुदायिक वनहरुको वैज्ञानिक बार्षिक कार्ययोजना तयार गर्न सहयोग गरिनेछ ।
- नगर सहकारी संजाल निर्माण गरी संजालसंगको समन्वय र साझेदारीमा यस सम्बन्धी विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ । विशेष गरी ग्रामिणस्तरमा स्थापना भई ग्रामिणस्तरमानै कृयाशील रही कृषिजन्य उत्पादनलाई व्यवसायीकरण गर्न भूमिका खेलिरहेका सहकारी संस्थाहरुलाई प्रोत्साहन गर्न पहल गरिने छ ।
- यस नगरपालिकाले अन्य देशहरुको नगरपालिकासंग भगिनी सम्बन्ध कायम गर्ने नीति अवलम्बन गर्नुका साथै राष्ट्रिय तथा अन्तराष्ट्रिस्तरका विभिन्न संघसंस्थाहरुको सदस्यता समेत ग्रहण गर्नेछ ।
- यस नगरपालिका क्षेत्रभित्र रहेका सवारी साधनहरुको बार्षिक रुपमा नविकरण गर्दा नगरपालिकालाई तिर्नुपर्ने कर यसै नगरपालिकामा लिने व्यवस्था मिलाइनेछ ।
- नदी तथा सहायक नदी उपत्यकाहरु विकासको लागि कार्ययोजना बनाई लागू गर्ने ।
- दमौली नवलपरासी जोड्ने फास्टट्र्याक निर्माणको लागि लाभान्वित हुन सक्ने सम्भावित स्थानीय तहहरुसंग समन्वय र साझेदार गरी पूर्व सम्भाव्यता अध्ययन गर्ने ।

अब म. चालु आर्थिक वर्ष २०७३।०७४ को जेठ मसान्तसम्मको आयव्यय विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**<u>क) आयतर्फः</u>** चालु आर्थिक वर्षको जेठ मसान्तसम्म आन्तरिक श्रोततर्फ रु.३ करोड ८८ लाख ३५ हजार, बाह्य श्रोततर्फ रु.२० करोड ८० लाख २७ हजार र अन्य आयतर्फ रु.३ करोड ८३ लाख ०३ समेत गरी करीब कुल रु.२८ करोड ५१ लाख ६५ हजार आय भएको छ, जसको पूर्व आय अनुमान करिब कुल रु.३१ करोड १२ लाख १० हजार रहेको छ ।

**<u>ख) व्ययतर्फः</u>** चालु आर्थिक वर्षको जेठ मसान्तसम्म प्रशासनिक खर्चतर्फ रु.२ करोड ६५ लाख ४६ हजार र विकास खर्चतर्फ रु.१६ करोड ८९ लाख ०९ हजार गरी करीब कुल रु.१९ करोड ५४ लाख ५५ हजार व्यय भएको छ, जसको पूर्व व्यय अनुमान कुल रु.३१ करोड १२ लाख १० हजार रहेको छ

त्यसै गरी अब म आर्थिक वर्ष २०७४।०७५ का लागि वार्षिक नगर विकास योजना तर्जुमा गर्ने क्रममा अख्तियार गरिएका लक्ष्य, उद्देश्य तथा नीतिको आधारमा तयार गरिएका बजेट, नीति तथा कार्यक्रम कार्यान्वयनको लागि निम्न अनुसार आयव्यय अनुमान प्रस्तुत गर्न चाहन्छु ।

**<u>क) आय अनुमान</u>**

आर्थिक वर्ष ०७४।७५ को लागि कूल रु.८० करोड ७१ लाख ७७ हजारको आय हुने अनुमान गरिएको छ । जस मध्ये आन्तरिक स्रोतबाट रु.६ करोड ७८ लाख ५७ हजार रहेको छ, जुन रकम कुल बजेटको ८.४१

प्रतिशत हुन आउंछ । बाह्य स्रोतबाट वित्तीय समानीकरण अनुदान रु.३२ करोड २० लाख ३ हजार, सशर्त अनुदान रु.३१ करोड २७ लाख ८३ हजार, नगर विकास कोष ऋण रु.७ करोड १५ लाख, विशेष अनुदान रु.८५ लाख ३४ हजार र सडक बोर्ड नेपाल रु.४५ लाख गरी कुल रु.७१ करोड ९३ लाख २० हजार रहेको छ, जुन कुल बजेटको ८९.११ प्रतिशत हुन आउंछ भने अन्यमा लागत सहभागीता वापत नगद रु.२ करोड रहेको छ, जुन कुल बजेटको २.४८ हुन आंउछ ।

**ख) व्यय अनुमान**

आ.व.०७४।०७५ को लागि आय हुने गरी प्रक्षेपण गरिएको कुल रु.८० करोड ७१ लाख ७७ हजारको विनियोजन प्रस्ताव गर्दा क्षेत्रगत विनियोजन प्रणालीमा सन्तुलन कायम हुने गरी विनियोजन गरिएको छ । मुख्य गरी आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वातावरण तथा विपद व्यवस्थापन र संस्थागत विकास, सेवा प्रवाह र सुशासन गरी ५ वटा क्षेत्रहरुमा, वस्ती एवं टोलस्तर हुँदै वडा समिति कार्यालयबाट प्राथमिकता निर्धारण भई आएका सबै कार्यक्रमहरु मध्ये श्रोत र साधनको उपलब्धता, कार्यक्रमहरुको प्रकृति, आवश्यकता, औचित्यता, लाभान्वित हुने वर्ग, क्षेत्र र समुदायको विश्लेषण गरी समावेश गर्ने कार्य गरिएको छ, जसमा आन्तरिक श्रोत, नेपाल सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, विशेष अनुदान, नगर विकास कोषबाट प्राप्त ऋण र लागत सहभागिताबाट प्राप्त हुने एकमुष्ठ रकमबाट विनियोजन प्रस्ताव तयार गरिएको छ भने सशर्त अनुदानतर्फ प्राप्त निर्दिष्ट कार्यक्रमहरुको रकमलाई आवश्यकता अनुसार चालु खर्च र पुंजीगत खर्चतर्फ समावेश गरिएको छ ।

माथि उल्लेखित पृष्ठभूमिमा आर्थिक वर्ष ०७४।७५ को लागि कूल रु.८० करोड ७१ लाख ७७ हजारको व्यय हुने अनुमान गरिएकोमा छ । जस मध्ये कर्मचारी तलब भत्ता, जनप्रतिनिधि बैठक भत्ता तथा अन्य सुविधा, कार्यालय संचालन सम्बन्धी खर्च, मर्मत, विभिन्न सिपमूलक तालिम गोष्ठी सेमिनार खर्च, परामर्श तथा अन्य सेवा शुल्क, अनुगमन मुल्यांकन तथा भ्रमण खर्च, ऋणको व्याज भुक्तानी र विविध खर्च जस्ता चालु खर्चको लागि चालु खर्च शीर्षकमा कुल रु.३६ करोड २१ लाख ७८ हजार ८ सय विनियोजन गरिएको छ, जुन रकम कुल बजेटको ४५.०० प्रतिशत हुन आउंछ । त्यसैगरी जग्गा खरिद, भवन निर्माण, फर्निचर खरिद, सवारी साधन खरिद, मेशिनरी औजार खरिद सम्पूर्ण सार्वजनिक निर्माण क्षेत्रको खर्च एवं पूंजीगत अनुसन्धान एवं परामर्श खर्चको लागि पूंजिगत खर्च शीर्षकमा कुल रु.४४ करोड ४९ लाख ९८ हजार २ सय विनियोजन गरिएको छ, जुन रकम कुल बजेटको ५५.०० प्रतिशत हुन आउँछ । माथि उल्लेखित कुल आयव्यय विवरणमा सामाजिक सुरक्षातर्फको रकम समावेश गरिएको छैन ।

वस्ती टोल हुँदै वडा समिति कार्यालयबाट प्राप्त हुन आएका सबै कार्यक्रम तथा योजनाहरुको लागि श्रोत र साधनको न्युनताको कारण बजेटमा रकम विनियोजन गर्न नसकिएतापनि त्यस्ता योजनाहरुलाई आवश्यकता र औचित्यको आधारमा प्रदेश सरकार, केन्द्र सरकार तथा वैदेशिक अनुदानबाट प्राप्त हुन सक्ने श्रोत र साधनलाई परिचालन गर्ने नीति अवलम्बन गरिएको छ ।

अन्त्यमा, यस नगरपालिकाको आर्थिक वर्ष ०७४।७५ को बजेट, नीति तथा कार्यक्रम तयार गर्ने सन्दर्भमा महत्वपूर्ण सहयोग पुर्‍याउनु हुने माननीय सभासदज्यूहरु, यस नगरपालिकाका विभिन्न विषयगत समितिका संयोजक एवं सदस्यज्यूहरु, पूर्व जनप्रतिनिधिज्यूहरु, वडास्तरीय राजनैतिक दलका प्रतिनिधिज्यूहरु, फोहरमैला व्यवस्थापन तथा अनुगमन समितिका पदाधिकारीज्यूहरु, राजश्व परामर्श समितिका पदाधिकारीज्यूहरु, टोल विकास संस्थाका पदाधिकारीज्यूहरु, वडा समिति कार्यालयका पदाधिकारीज्यूहरु, लक्षित समूहका पदाधिकारीज्यूहरु, विभिन्न संघ संस्थाका प्रमुख एवं प्रतिनिधिज्यूहरु, नागरिक समाज, विभिन्न विषयगत कार्यालयका प्रमुखज्यूहरु, पत्रकार मित्रहरु, वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्र पदाधिकारीज्यूहरु, नगरपालिका कार्यालयका कर्मचारीहरु लगायत सम्पूर्ण नगरबासी दिदीबहिनी तथा दाजुभाईहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।